आज मिति २०८३ साल असोज १३ गते मंगलबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८३/०८४ को पाँचौ कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता — अध्यक्ष —

श्री कुमारी विभा यादव — उपाध्यक्ष —

श्री सुर्य नारायण पाल — वडा अध्यक्ष, वडा नं.१ —

श्री जग नारायण मेहता — वडा अध्यक्ष, वडा नं.२ —

श्री अनिल कुमार भगत — वडा अध्यक्ष, वडा नं.३ —

श्री सुशिल मेहता — वडा अध्यक्ष, वडा नं.४ —

श्री मनोज कुमार मण्डल — वडा अध्यक्ष, वडा नं.५ —

श्री हरिनन्दन मेहता — वडा अध्यक्ष, वडा नं.६ —

श्री सुर्य नारायण यादव — वडा अध्यक्ष, वडा नं.७ —

श्री रुणा देवी दास — कार्यपालिका सदस्य —

श्री उषा देवी यादव — कार्यपालिका सदस्य —

श्री सुनिता देवी यादव — कार्यपालिका सदस्य — सुनिता

श्री सम्तुलिया देवी बाँतर — कार्यपालिका सदस्य

श्री मनोज कुमार भगत — कार्यपालिका सदस्य —

श्री किशोर कुमार पाल — कार्यपालिका सदस्य —

श्री बाबुराम घिमिरे — सचिव —

आमन्त्रित :

श्री डिल्ली प्रसाद पोखरेल — प्रशासकीय अधिकृत —

श्री बिन्देश्वर यादव — लेखा अधिकृत —

श्री वाल कुमार श्रेष्ठ — कम्प्युटर अधिकृत —

प्रस्तावहरु :

१) समिक्षा सम्बन्धमा।

२) घटना पश्चातको उपचार तथा व्यवस्थापन खर्च सम्बन्धमा।

३) जिन्सी मिन्हा सम्बन्धमा।

४) पोलबत्ती व्यवस्थापन सम्बन्धमा।

५) कार्यविधि स्वीकृत सम्बन्धमा।

६) सडक मर्मत सम्बन्धमा।

७) मुल्याङ्कन समिति गठन सम्बन्धमा।

८) जनप्रतिनिधिहरुको चाड पर्व खर्च सम्बन्धमा।

९) साझेदारी रकम सम्बन्धमा ।

१०) विविध सम्बन्धमा ।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को मिति २०८३/०५/१६ गते बसेको चौथो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८३/०४/१० गते भएको घटनामा मृत्यु तथा घाइते भएका व्यक्तिको उपचारका लागि काठमाडौंमा उपचारको क्रममा बसेका हेरचाह गर्ने व्यक्ति तथा कुरुवाहरुको व्यवस्थापनमा लागेको खर्च रकम रु.८७,५००/- बाकी रकम बिल भरपाई प्राप्त भए पछि भुक्तानी गर्ने, शान्ति सुरक्षा कायम गर्नका लागि चिया, नास्ता, खाना खाए बापत श्री श्रेयण मिष्ठन भण्डारलाई खर्च भएको रकम रु.७९,०००/- र सहिदहरुको दाहसंस्कारमा सातै वडामा र्‍याली निकाली पानी वापतको रकम श्री पूर्वाञ्चल निर्मल जल उद्योगलाई रु.८१,३६०/-, सयपत्री फुलको माला श्री रोशिका ट्रेड एण्ड सप्लायर्सलाई रु.४९,७२०/-, नेपाल सरकारको गृह मन्त्री देवानगञ्ज गाउँपालिकामा पिडित पक्षसँग सम्झौता गर्न आउनु भएकोमा श्री युनिक स्वीट्स एण्ड स्न्याक्सलाई खर्च रकम रु.१४,२१०/- देवानगञ्ज गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत बजेट उद्धार राहत तथा पुनस्थपना खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८३/०४/१० गते भएको घटना पश्चात उत्पन्न भएको असहज परिस्थितिका कारण मिति २०८३/०४/११ गतेका दिन देवानगञ्ज गाउँपालिका वडा नं.२ स्थित देवानगञ्ज गाउँपालिकाका ३ नं. वडा अध्यक्ष श्री अनिल कुमार भगतको घरको कम्पाउण्डबाट को १ ब १३२८ नम्बरको सरकारी मोटरसाइकल बाहिर निकाली आग लगाई पुर्ण रुपमा जली नष्ट भएको र सो सम्बन्धमा इलाका प्रहरी कार्यालय, देवानगञ्ज, सुनसरीबाट घटनास्थल मुचुल्का समेत प्राप्त भएको हुँदा प्रचलित कानून बमोजिम

नियमानुसार उक्त जिन्सी (सरकारी मोटरसाइकल) मिन्हा गर्ने र सम्बन्धित निकायमा लगत कट्टा गर्नका लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा २०८३ को आउँदो दशैं, तिहार र छठ पर्वमा हुन सक्ने चोरी तथा विभिन्न घटनाहरुलाई मध्यनजर गर्दै देवानगञ्ज गाउँपालिकाको मेन सडक (कप्तानगञ्ज देखि मध्यहर्षाही हुँदै इनरुवा जोड्ने सडक) मा पोलबत्ती जडान गर्न आवश्यक देखिएको हुँदा देवानगञ्ज गाउँपालिकाको चालु आ.व.२०८३/०८४ को स्वीकृत कार्यक्रम अन्तर्गतको पोलबत्तीको लागि LED र भेपर लाइट लाइट खरिद गर्ने कार्य शिर्षकको अधिनमा रहि आवश्यक पोलबत्ती प्रचलित कानून बमोजिम खरिद गरी जडान गर्ने सर्वसम्मत निर्णय गरियो।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकामा आवश्यक भएको हुँदा तपसिल बमोजिमका कार्यविधि स्वृकित गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल :

१. आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०८३
२. लक्षित समुदायका छोरीका लागि सक्षम छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
३. विद्यालय प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८३
४. विद्यालय सुपरिवेक्षण, अनुगमन तथा शिक्षक पेशागत सहयोग कार्यविधि, २०८३

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र रहेका विभिन्न सडकहरु वर्षातका कारणले बिग्रिएको जनगुनासो आएको हुँदा उक्त बिग्रिएका विभिन्न सडकहरु मर्मत गर्न आवश्यक भएकोले देवानगञ्ज गाउँपालिकाको चालु आ.व.२०८३/०८४ को स्वीकृत कार्यक्रम अन्तर्गत समपुरक खर्च शिर्षकबाट उक्त सडकहरु सम्बन्धित वडाको सिफारिस र त्यस पश्चात स्थलगत यकिन गरी वडा प्राविधिकद्वारा तयार गरिएको लागत अनुमानका आधारमा गाउँपालिकाले प्रचलित कानून बमोजिम निर्माण व्यवसायी छनोट गरी मर्मत सम्भार गर्ने सर्वसम्मत निर्णय गरियो ।

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८३।०८४ को सार्वजनिक खरिद सम्बन्धी कार्यको मुल्यांकन गर्न सार्वजनिक खरिद ऐनको दफा ७१ र सार्वजनिक खरिद नियमावलीको नियम १४७ बमोजिम तपसिल अनुसारको मुल्याङ्कन समिति गठन गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| | | |
|---|---|---|
| क. श्री आषिस निखिल साह | इन्जिनियर | अध्यक्ष |
| ख. श्री बिन्देश्वर यादव | लेखा अधिकृत छैटौं | सदस्य |
| ग. श्री बलेन्द्र मेहता | कानूनी सल्लाहाकार | सदस्य |
| घ. सम्बन्धित शाखाको शाखा प्रमुख/कर्मचारी | | सदस्य |
| ङ. श्री डण्डिकेशर खनाल | खरिद इकाइ प्रमुख | सदस्य सचिव |

माथि गठित मुल्यांकन समितिमा रहेका पदाधिकारीहरु परिर्वतन भएमा सोही पदमा कार्यरत कर्मचारी स्वत समितिमा रहने छन्। मुल्यांकन समितिले आवश्यकताका आधारमा अन्य कर्मचारी, विषेशज्ञ, पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्न सक्ने छ। उक्त समितिको काम कर्तव्य र अधिकार सार्वजनिक खरिद नियमावलीको नियम १४७ बमोजिम हुनेछ साथै यस गाउँपालिकाबाट संचालन हुने योजनाहरुको सार्वजनिक खरिद ऐनको दफा ५४ र नियमावलीको नियम ११८ बमोजिम भेरियसन गर्नु पर्ने भएमा सोको औचित्यता, कारण, प्राविधिक पुष्ट्याई, ल.ई. तयार, दोस्रो पक्षसँग आपसी समझदारीमा दररेट निर्धारण गरि गाउँपालिका समक्ष निर्णयार्थ पेश गर्ने कार्य गर्नु पर्ने छ। माथि उल्लेखित समितिलाई गाउँ कार्यपालिकाले आवश्यकताका आधारमा थप जिम्मेवारी दिन सक्नेछ।

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा कोशी प्रदेश सरकारले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ दफा ३ को उपदफा ४ बमोजिम चाडपर्व खर्चको रकम गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम नै चाडपर्व खर्च रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८२/०२/२३ गतेको कार्यपालिका निर्णय अनुसार देवानगञ्ज गाउँपालिकाले हरित जलवायु कोष र वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रको सहकार्यमा स्वच्छ चुलो कार्यक्रम यस पालिकामा कार्यन्वयन गर्ने गरी प्रकृया अगाडि बढाई सकिएकोमा प्रविधिगत लागत साझेदारी अन्तर्गत उपभोक्ताबाट विद्युतीय चुल्हो तर्फ २३ प्रतिशत, तह ३ को सुधारिएको चुल्हो तर्फ ५ प्रतिशत र घरायसी बाँयोग्यास तर्फ १४ प्रतिशत लागत साझेदारी गरिने निणर्य भएता पनि उपभोक्ताबाट उक्त साझेदारी रकम जुटाउन प्राविधिक समस्या भएकोले सो बापतको रकम देवानगञ्ज गाउँपालिकाको आन्तरीक श्रोतबाट नै व्यहोर्ने सर्वसम्मत निर्णय भएको र बाँकी वडाहरुलाई समेत साझेदारी रकम देवानगञ्ज गाउँपालिकाको आन्तरीक श्रोतबाट नै व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

१०)प्रस्ताव नं. १० माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश र देवानगञ्ज गाउँपालिका सुनसरीको लागत साझेदारीमा आ.व.२०८३/०८४ मा सञ्चालन गरिने कार्यगत अभ्यास सहितको तालिमको लागि Professional Computer Hardware and Network Technician विषयलाई छनोट गर्ने सर्वसम्मत निर्णय गरियो।